# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०८२/०८३
**Ref.No :2082/083**
चलानी नं. :

तेतरिया,मोरङ्
**Tetariya,Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province , Nepal**

मितिः२०८३।०६।२३

**गिटी र बालुवा उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको मुद्रित (Hard Copy) रूपमा सिलबन्दी बोलपत्र ठेक्का बन्दोबस्ती सम्बन्धी २१ दिने सुचना ।**

प्रथम पटक प्रकाशित मितिः२०८३।०६।२४

स्थानिय सरकार ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम ग्रामथान गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्र बाहेक गिटी र वालुवाको उत्खनन् संकलन तथा विक्री शुल्क अशुली गर्न तपशिल बमोजिमको खोलाहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु परेकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि,नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि,मूल्य अभिबृद्धि कर तथा आ.ब. २०८१।०८२ सम्मको कर चुक्ता प्रमाणित प्रतिलिपि प्रमाणपत्र, २०८२/८३ को कर चुक्ता प्रमाणित प्रतिलिपि प्रमाणपत्र वा म्याद थप कागजात पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल शर्तको अधिनमा रही मुद्रित (Hard Copy) रूपमा सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

## तपशिल

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन् योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत |
|---|---|---|---|---|---|---|---|
| १. | G.R/NCB/Internal/11-083-084 | लोहान्द्रा खोलाको गिटीर वालुवा उत्खनन् संकलन तथा बिक्री कार्य | ग्रामथान गा.पा. लोहन्द्रा खोलाको IEE मा तोकिएका नाकाहरु | (बालुवा/गिट्टी-१२०११४५.७८) (भरोट-६९११८.३३) | १२२८८२५१.१२ | ३०००।- | कवोल अंक(भ्याट सहित)को ०५% |

- नदीजन्य पदार्थ (ढुङ्गा,गिटी/मिक्स गिटी/बालुवा आदि) को दर प्रति क्यु.फिट (भ्याट बाहेक) रु.१०।००, भरोट को दर प्रति क्यु.फिट (भ्याट बाहेक) रु.४।००

## शर्तहरु

१. बोलपत्र फारम दस्तुरको लागि रु. ३०००।०० (तीन हजार) मात्रको यस कार्यालयको एन.आई.सी. एसिया बैंक पुष्पलालचौक शाखाको आन्तरिक राजश्व खाता नं. ०६९२०५०००५८३६००७ मा दाखिला गरि मुद्रित (Hard Copy) रूपमा सिलबन्दी बोलपत्र मार्फत सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र फारम यस गाउँपालिकाको राजश्व शाखा बाट खरिद गर्न सकिने छ ।

२. मिति २०८३।०७।१५ सार्वजनिक विदा पर्ने भएको हुदा सो को भोलिपल्ट मिति २०८३।०७।१६ गते दिनको ११:०० बजे सम्म अनिवार्य मुद्रित (Hard Copy) रूपमा सिलबन्दी बोलपत्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. मिति २०८२।०७।१६ गते दिनको १२:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. बोलपत्र जमानत रकम बापत वोलपत्रदाताको कवोल अंक(भ्याट सहित)को ५% रकम ,ग्रामथान गाउँपालिकाको नाममा रहेको एन.आई.सी. एसिया बैंक पुष्पलालचौक शाखाको धरौटी खाता नं. ६९४१०००५८३६५२४०३ धरौटी खातामा जम्मा गरेको भौचर वा "क" वर्गको बैंकले यस कार्यालयको नाममा बोलपत्र नं. र नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब. २०८१।०८२ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि वा म्याद थप र स्वघोषण पत्र साथै ठेक्का जमानत पत्र र अन्य आवश्यक सम्पूर्ण कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

वेबसाइट: info@gramthanmun.gov.npइमेल : ito.gramthanmun@gmail.comसम्पर्क नं. ९८५२०५१७९४

५. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन बोलपत्र खोलिनेछ ।

६. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको १५ दिन भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ र नियमानुसार कार्वाही गरिनेछ।

७. बोलपत्र दाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको भ्याट समेत २५% रकम सम्झौता गर्दाको बखत बुझाउनु पर्ने साथै बाकी ७५ % रकमको बैंक ग्यारेन्टी पेश गरेपछि मात्र सम्झौता गरिनेछ।बोलपत्रदाताले कबोल गरेको रमक एकमुष्ठ बुझाएमा भ्याट बाहेकको रकममा १०% छुट दिन सकिनेछ।

८. ठेक्काको अवधि सम्झौता अवधि देखि २०८४ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ । यदि तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप उत्खनन् गर्न रोक लगाइनेछ ।

९. ठेक्का सम्झौता भइसके पछि कुनै बन्द हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट मिनाहा माफी दिइने छैन ।

१०. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोके बमोजिमको दरले संकलन गर्नु पर्नेछ ।

११. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कार्वाही गरि ठेक्का रद हुन सक्नेछ ।

१२. बोलपत्रदाताले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ साथै सार्वजनिक हितका लागि कुनै पनि निर्णय गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।

१४. बोलपत्रदाता तथा गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम मानिनेछ ।

१५. यो सुचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. नदी वा खोला उत्खनन् तथा संकलन गर्न गाउँपालिकाको पूर्व अनुमति लिएर मात्र हेभि इक्युपमेन्ट प्रयोग गर्न पाइनेछ ।

१७. नदी जन्य पदार्थ बिक्री शुल्क तथा प्राकृतिक धारा किनारा घाट कुल कुलेशा,लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरि **IEE** ले तोके बमोजिम मात्र ढुङ्गा गिटी र बालुवा उठाउन पाउने छ ।

१८. नदिजन्य पदार्थ उत्खनन् गर्दा नदी नालाको पुल (पक्की) को हकमा तल तिर १ किमी र माथि तिर ५०० मिटर सम्म नदीजन्य पदार्थ उठाउन पाइने छैन ।

१९. प्रारम्भिक वातावरणिय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही नदिजन्य पदार्थ उत्खनन् संकलन गर्नु पर्नेछ साथै यस कार्यालयबाट गरेको प्रारम्भिक वातावरणिय प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ ।

२०. बोलपत्र कागजातमा वा बोलपत्र सुचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

२१. सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावलि, २०६४ बमोजिमको समयमा ठेक्का सम्झौता गर्न नआएमा, कालोसुचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय लाई सिफारिस गरिनेछ र सम्झौता नगर्नाले यस कार्यालयलाई हुने हानि नोक्सानि र यस कार्यालयले ठेकेदार बाट लिनु पर्ने बाकी र त्यसको दस(१०)% सुत समेत सो जायाजेथाबाट समेत असुल उपर गरिने छ।

२२. आ.व २०८१।८२ मा यस कार्यालयबाट आहवान गरिएको ठेक्का " G.R/NCB/Goods/09-081-082 (Lohandra Khola ko Gitti ra Baluwa Utkhanan Sankalan Tatha Bikri Karya)" मा बोलपत्रको प्रस्ताव पेश गरि विविध कारण देखाई यस कार्यालयले सम्झौता गर्न आउनका लागि पत्राचार गरेतापनि सम्झौता गर्न नआएका बोलपत्रदाता/संस्थाले यस ठेक्कामा बोलपत्रपेश गर्न पाउने छैन।यदि सो संस्थाहरुले बोलपत्र पेश गरेमा निजको धरौटी जफत गरि ठेक्का मुल्याङ्कन प्रकृयामा समावेश गराईने छैन।

प्रमुख प्रशासकिय अधिकृत